# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७७/०३/०२

छैटौं अधिवेशन

(सत्रौंबैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**

यस सभाको छैटौं अधिवेशनको सत्रौं बैठकको कार्वाही प्रारम्भ हुन्छ

**२.माननीय सदस्यहरू,**

अब, **"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथिको कार्वाही प्रारम्भ हुन्छ।

**३.माननीय सदस्यहरू,**

**"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथि सामाजिक बिकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई अनुमति दिन्छु।

माननीय सभामुख महोदय, प्रदेश खेलकुद सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक २०७६ माथि सामाजिक बिकास मन्त्रालयमा बफावार छलफलको कार्य समाप्त भय पश्चात प्रस्तुत भयको बिधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावलि, २०७४ को नियम १२१ को उपनियम २ को देहाय खण्ड क बमोजिम पर्स्ताव प्रस्तुत गर्दछु धन्यावाद

**४.माननीय सदस्यहरू,**

अब म, सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ**"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथि सामाजिक बिकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु।

**५.माननीय सदस्यहरू,**

अब, **"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथि दफावार छलफल समाप्त भई सामाजिक बिकास समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा सामाजिक बिकास समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाच) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीयमहेश दत्त जोशीलाई समय दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७६ माथि छलफल गर्दा यो सामाजिक बिकास मन्त्रालयबाट यो बिधेयक आएको छ । सामाजिक बिकास मन्त्रालय र मन्त्री जिलाई हार्दिक धन्यबाद दिन चाहान्छु र यो सामाजिक समितिमा छलफल भएर यसका केहि दफाहरु शंशोधित भएर आयका छन र ति पनि उपयुक्त छन र सामाजिक समितिमा छलफल गर्नु हुने सामाजिक समितिका सभापति लगायत सम्पुर्ण माननीय जि हरुलाई पनि मेरो ब्यक्तिगत हार्दिक बधाई छ र यो सदनमा पनि यो महत्वपुर्ण बिधेयक र शुदूरपश्चिम प्रदेसकै खेलकुदमा चासो राख्ने खेलकुदमा सहभागि हुने खेलकुद कार्यक्रमलाई रुचाउने सम्पुर्ण जनताका लागि यो महत्वपुर्ण बिधेयक छ र यो महत्वपुर्ण बिधेयक आजै पारित भयर प्रदेशमा लागु भैसके पछि म सरकारका माननिय मन्त्रि ज्युलाई सभाभुख मार्फत के अनुरोध गर्दछु भने बिगतमा जस्तो यो ढिलासुस्ति हुने बिधेयक लागु हुनमा अलिकता समय बढि लाग्ने कुरा नहोस हो तत्काल यसको कार्य बिधि नियमावलिहरु आवश्यक हुने प्रक्रियाहरु मन्त्रालयबाट लागु होस भन्ने पनि म यो समयमा अनुरोध गर्न चाहान्छु प्रदेश सरकारलाई र यो महत्वपुर्ण विधेयकमा धेरै कुराहरु शंशिधन भयर आयका छन अत्वपुर्ण ब्यक्ति त्यहा सदस्य सचिव हुनुहुन्छ सदस्य सचिवको सन्दर्भमा १० बर्ष को समयावधि भनेर आयको छ जुन प्रस्तावमा ५ बर्ष मात्रै थियो त्यो महत्वपुर्ण छ र सदस्य सचिवको योग्यताको सन्दर्भमा १० बर्षको अनुभव भन्ने कुरा त ठिक छ तर त्यसको बौद्धिक मापन अथवा उसको अहिलेको जमानामा पढाईको कति हो भण्ने कलेजको अध्ययन बिद्यालयको बिषयमा बिधेयक बोलेको छैन यसमा पनि हाम्रो चासो छ हुनुपर्छ किनभने त्यहा भित्रको थाई संरचना भनेको सदस्य सचिव नै हो अध्यक्ष परिवर्तन हुनसक्ला नहुन सक्ला त्यसैले यो विषयमा पनि म यहा जानकारि गराउन चाहान्छु कि सदस्य सचिव महत्व्पुर्ण् ब्यक्ति कार्यक्रमको महत्वपुर्ण भयकाले उसको बौद्धिकताको पनि हुनुपर्छ अरु यो राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने यो मुलनारा हुदै आयको छ यो प्रदेशका लागि पनि त्यहि नारा हुन्छ प्रदेशको स्वास्थ्य प्रदेशको युवाहरुको स्वास्थ्य सम्बन्धि मानसिक स्वास्थ्य् मात्रै होईन शारिरिक स्वास्थ्य मात्रै होईन मानसिक स्वास्थ्यता र यउटा बिकृति बिसङ्गतिका बिरुद्ध युवाहरु लाग्नुपर्छ भन्ने यउटा प्रदेशको एकतालाई राष्ट्रिय यकतालाई मजबुत बनाउछ यल्ले यउटा युवाहरुलाई रचनात्मक काममा लगाउछ । परम्परागत ढङ्गले खेलकुदहरु हुदै आयका छन कतिपय कुस्ति हरु कतिपय ठाउमा कबडिहरु हाम्रो पुराना खेलहरु यहा छन भने अहिले आधुनिक जमानामा खेलहरु क्रिकेट देखि लिएर फुटबलका लोकप्रिय खेलहरु हुन्छन यसरि यो शुदुरपश्चिम प्रदेशका युवाहरुले अब यो बिधेयक आयर ऐन भैशखैपछि यसमा सहभागि हुने बैधानिक बाटाहरु खुल्ने छन प्रत्येक पालिकाले हामिले बनायका

मैदानहरु प्रत्येक पालिकामा रहेका युवाहरु खेलमा चासो राख्ने यि महत्वपुर्ण बिषयहरु यो ऐनले समेटेको छ त्यसैले यो ऐन आवश्यक छ हाम्रो देशको पहिचान अन्तराष्ट्रिय जगतमा गर्नको लागि खेलकुद क्षेत्रले नै त्यो गर्दछ हामि भण्ने गर्दछौ खेलाडि राष्ट्रका गहना हुन वास्तवमा यो सत्य कुरा हो कुनै पनि राष्ट्रको पहिचान धेरै जसो राष्ट्को पहिचान खेलकुद जगतले गरायको छ सानासाना राष्ट्हरु जसलाई शंशारले चिन्दैन तिनिहरुलाई खेलाडिहरुले नै परिचय गरायको हामिले देखिरहेका छौ र हाम्रो बिगत तयो खेल क्षेत्र धेरै ओझेलमा पर्यो खेल क्षेत्रलाई हामिले अगाडि बढाउन सकेनौ त्यो मार्फत हाम्रो देशको अन्तराष्ट्रिय पहिचान हामिले बनाउन सकेनौ अब हामिले बनाउनुपर्छ र शुदुरपश्चिम क्षेत्रकै युवाहरुले महत्वपुर्ण भुमिका निर्बाह गरेका  छन त्यो कुरालाई स्मरण गर्दै यो बिधेयकमा जुन कुराहरु आयका छन ति महत्वपुर्ण छन र आगामि दिनमा आवश्यकता पर्यो भने परिमार्जन बिधेयकहरु बन्न सक्छन खासगरि यो नियमावलिमा धेरै कुराहरु समेट्न सकिन्छ त्यसैले शुदुरपश्चिमका युवाहरु खेलकुदमा सहभागि भैरहेका युवाहरु, बिद्यार्थिहरु, शिक्षकहरु सम्पुर्णलाई म हार्दिक बधाई पनि दिन चाहान्छु । र यो ऐनले आगामि दिनमा शुदुरपश्चिम प्रदेश भरि खेलको बिकास हुने छ खेलमा लागेपछि भविष्य सुनिश्चित छ यक किसिमले खेलमा लाग्ने खेलाडिको पनि भविष्य हामिले सुनिश्चित गर्नुपर्छ खेलमा लागेर मान्छे बर्बाद हुने खेलमा लागेर मान्छेको घरवार बर्बाद हुने जिवन बर्बाद हुनेमान्छे बेरोजगार हुने जिवन निर्बाह गर्न नसक्ने स्थिति भयो भने मान्छे खेलकुदमा लाग्दैन त्यसैले यो यउटा राष्ट्रको गहना राष्ट्रको स्वाभिमान राष्ट्रको शान भनिसकेपछि हामिले खेलाडिको जिबन रक्षाको कुरा पनि उठाउनुपर्छ त्यसैले बिधेयकमै बयवस्था भय बमोजिम यसको कोषहरु पनि खडा गर्नुपर्छ त्यसको शुरुवात प्रदेश सरकारले गर्नपर्छ अरुले पनि त्यसमा फन्टिङ गर्लान त्यसमा अरुले पनि रकम राख्लान तर शुरुवात प्रदेश सरकारकै जिम्मेवारिमा यो ऐने व्यवस्था गर्ने छ त्यसैले खेलकुदमा लाग्ने मान्छेले खेलमा लागेपछि बर्बाद हुदै छ भन्ने स्थिति नआओस भन्ने हाम्रो चिन्ताको विषय छ सभामुख महोदय त्यसैले यो ऐन बनाउने मात्रै हैन ऐनलाई लागु गर्ने तिर पनि सरकार चासो देखाउने छ यसका कमिकमजोतिलाई पनि पहिल्याउने छ र यसका सबल पक्षहरुलाई यसका राम्रा पक्षहरुलाई पनि उजागर गरेर यलाई लागु गर्नाका लागि ऐन आयको हुनुपर्छ त्यसैले यो छिट्टै लागु हुने छ र आगामि दिनमा राष्ट्रिय स्तरका खेलकुद आयोजना गर्ने पनि हाम्रो बिकास हुने छ शुदुरपश्चिम प्रदेशमै राष्ट्रिय स्तरका आयोजना हुरु हुने छन त्यसका लागि हाम्रा खेलका कपट हलहरु कञ्चनपुर जिल्लाको महेन्द्रनरमा ठुलो जमिन हामि सँग छ हामि सँग पर्याप्त मात्रामा जग्गा जमिन र कपट हलहरु छ त्यसको उपयोग हुनुपर्छ भनेर म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु प्रदेश स्तरकै कपट हल निर्माण गर्न महेन्द्रनगरमा त्यो पुर्वाधारहरु रहेको जानकारि म यो गरिमामय सदनमा सभामुख मार्फत जानकारि गराउन चाहान्छु त्यसतै धनगढिमा पनि प्रत्येक जिल्लामा पनि खेलकुदका महत्चपुर्ण फिल्डहरु रहेका छन प्रत्येक पालिकामा हाम्रो निर्माण गरेका छौ र बिगतमा पनि ति निर्माण गरेका खेलमैदानहरुलाई हामिले ब्यवस्थित गर्ने प्रत्येक वडामा खेलका समितिहरु खेलकुद सम्बन्धि सम्बन्धित कलबहरुलाई दर्ता गर्ने पनि यो बिधेयकले महत्वपुर्ण अधिकार दियको छ यस्ता कलब हरुलाई त्यस्ता समितिहरुलाई हामिले स्थानिय तहसँग समन्वय गरेर संघिय सरकारसँग समन्वय गरेर यो खेलकुद भनेको यउटा महत्वपुर्ण बिषय हो भनेर सरकारले जसरि महसुस गरेर गरेको  छ त्यसरि हामिले विश्वास लियको छु र यो विधेयककै सन्दर्भममा कुरा गर्दा अहिले बजारमा धेरै हल्ला छ सभामुख महोदय अहिले विधेयक आउछन ति बिषयमा त हामि छलफल गर्छौं अब यो प्रदेश सभा सांसदहरुको तलब बढायो ब्यापक

आयको छ यो त धेरै पहिला विधेयक आयको थयो त्यसपछि त कुने विधेयक आयन् कहाबाट कसरि बढायो कल्ले बढायो कुन महिना बाहिर आयो यो कुन महिना हो भन्ने हमिलाई नै जानकारि नभयको र अहिले सांसदहरुका बिरुद्धमा बजेटमा नाराबाजि भैरहेको छ सभामुख महोदय यो महत्वपुर्ण बिषय छ यसरि सांसद र सदनका बिरुद्धमा यो उक्सा हट राउने यो व्यवस्थाका विरुद्धमा नाराबाजि गराउने यो काम कसरि भयो यसको जवाफ सरकारले दिनुपर्छ भन्ने मेरो अहिले नै बढायको हो भने यो त फिर्ता गर्नुपर्छ गत बिगतकै त्यो सुचना हो भने त्यो समयमै जानु पर्छ भन्ने छ त्यसैले यो यकदम व्यवस्थाका बिरुद्ध लाग्ने मान्छेले कपोल्कल्पित कुराहरु बिगतका कुराहरुलाई अहिले प्रस्तुत गरियको छ त्यसैले बिधेयक आयको कुन बेला हो अहिले स्थानिय जनताको सेवा सुविधाको बिधेयकमा हामि छौ तर यो प्रदेश सभाको थ छैण यी कुरा राख्दै आफ्नो भनाई टुङ्ग्याउछु धन्यावाद

**माननीय गोविन्दराज बोहरा**

माननीय सभामुख महोदय, प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथिको छलफलको क्रममा हामि अगाडि बढिरहेका छौ वास्तवमा यो विधेञख महत्वपुर्ण हो र हामि साढे २ बर्षको अन्तरालमा पुगिसकेका छौ लगभग यो पहिले आउनुपर्ने ढिला भो खीणभने यो हाम्रो युवाजगतसँग सम्बन्धित भयको कारणले यलाई छिटो लियर हामिले यलाई लागा गारेको भय अज राम्रो हुन्थ्यो विधेयकलाई समितिमा गयर समितिले यसलाई सम्पुर्ण अध्ययन गरेर को मा समितिलाई धन्यावाद दिन चाहान्छु र सँगसँगै हाम्रो खेलकुद जगतलाई अगाडि बढाउने कुरामा शोचनशिल अवस्था छ हामि संघियतांमा यो मुलुक गैसकेपछि प्रदेश स्तरिय कार्यक्रम गर्न हाम्रा नियम कानुनले अड्कियको थियो र यो बिधेयकले ति कुराहरु सब खोल्ने छ र यो विधेयक पारित भैसकेपछि हामि कानुनि रुपमा अगाडि जो प्रदेश पनि अगाडि बढ्ने छ भण्ने यउटा मान्यता स्थापित हुने छ र खेल हगत भनेको ञस्तो चिज हो जसले राष्ट्रियता झल्काउछ आज हामि नेपालको खेलकुद जगत अत्यन्त कमजोर छ जस्तो हमि देखिरहेका छौ प्रत्येकमा यउटा नेपालले हासिल गरेको छ अन्तराष्ट्रिय जगतमा र खेलकुद जगतमा लाहेका क्रिकेका खेलाडिहरु जब बिदेशबाटजितेर आउछ्न त्यशवेला हामि नेपालको झण्डा लियर एयपोर्टमा स्वागत गर्न नेपालिहरु त्यहा पुग्छन हामि त्यसको स्वागत गर्छौं त्यसको र्यालि बनाउछौ नेपालको झणडा त्यसैले खेलकुद जगत अत्यन्तै महत्पुर्ण हो र यो विधेयकले त्यसलाई सम्बोधन गर्न यो बिधेयकमा जति समिति बनायको छ यि समितिमा साच्चिकै भन्ने हो भणे देखि यसमा योग्यताको जो क्रम तोकेका छन यसमा आफ्नो यक्सपिरेन्सका साथै क्वालिफिकेशनको डिग्रि के हो त्यले पनि स्थापित गरेर लग्यो भने अज यो खेलकुद जगतलाई मजबुत र बलियो बनाउन सकिन्छ भन्ने यउटा मान्यता हो किन भणन्दाखेरि जति हामिले परिष्कृत गरेर लग्न सक्यो यसमा खेलाडिहरुलाई समावेश गर्न सक्यो यसमा समाज बलियो टोल बलियो देश बलियो प्रदेश बलियो हुन जान्छ र प्रदेशको नाम अगाडि बढ्न जकान्छ किनभन्दा खेरि यो आर्थिक रुपले मुलुकको भविष्य गासियको हुन्छ आज ठुलआ मुलुकमा जति लागाका छन असाध्यै धनढ्य खेलाडि अशआध्यै कलबहरु बनेका छन र तिनितहरुले मुलुकलाई अप्ठ्यारो परेको बेला समाजलाई अप्ठृओ फरेको बेला त्यो पैसा आफुले कमायको पैसा पनि कलब मार्फत होस कि ब्यक्तिगत होस आज हामि देखिराखेका छौ समाचारमा पढिराखेका छौ उनिहरुले योगदान गरिराखेको छ त्यसैलै हमीले यो युवा हगतलाई यसमा समावेश गर्यो भने यो अनुसासानको कडि पनि हो यसले देश भित् समाजभित्र यउटा अणूशासीथ पनि स्थापना गर्दछ अनुशासित खेलाडिले अरुलाई पनि अनुशाशीथ

गराउन खोज्छ र त्यसैलै अनुशासआनको कडि पनि हो र जति अनिशासित हाम्रो समाज हाम्रो देश बन्न सक्यो त्यति हामिले मुलुकलाई अगाडा बढाऊण सक्ने अवस्थामा हामि पुग्छौ त्यसैले हामि यो बिधेयकले त्यो कडिलाई समातेर अगाढि बढ्न पर्छ भण्ने खुरा राख्न चाहान्छु र सँगसँगै जसरि हामि स्वास्थ्यको सम्बन्धमा कुरा गरिराखेका छौ वास्तवमै यो खेल जगत यस्तो हो कि स्वास्थ्यलाई पनि सुदार गरेर लग्ने कुरा हो स्वस्थ समाज समृद समाज आजा भारतको रामदेबले याग सिकायर म स्वस्थ जनता बनाउन सक्छु स्वस्थ भारत बनाउना सक्छु भनेर जुन नारा दियको छ वास्तावामा हामिले आखआलकुद क्षेत्रमा यो क्षेत्रमा हामिले लाग्यौ यसका कमिकमजोरि लाई तिरस्कार गरेर यलाई अगाडि बढाउ यसमा आर्थिक रुपले यो खेलकुब जगतलाई बलियो बनाउन सक्यो भने सा च्चिका स्वस्थ समाज पनि बन्न सक्छ बलियो समाज पनि बन्न सक्छ सख्ति जुन युवा शक्ति छ त्यसलाई देशको पक्षमा प्रयोग पनि गर्न् सकिन्छ त्यसैले यतातिर हेर्न जरुरि छ अर्को महत्वपुर्ण कुरा  के हो भने खेल जगतमा लाग्ने जतिपनि खेलाडि भाइबहिनिहरु छन बिपन्न पनि छन ति बिपन्न भाइबहिनिहरुलाई खेल जगतमा समेटेर ल्याउनका लागि सरकारले त्यसको प्रारुप तयार पार्नु पर्छ त्यसको खाका तयार पार्नु पर्छ त्यसको गरिबिको कमजोरि जो छ त्यो कमजोरिलाई कमजोर हुन नदियर त्यसलाई बलियो बनायर खेल जगतमा प्रबेश गरायर भोलि नाम कमाउने तरिकाको यउटा खेलाडि बन्न सक्छ त्यसैले सरकारले त्यता पनि ध्यान दियर त्यसमा बजेट छुट्यार ति गरिब खेलाडिहरुलाई यो दायरा भित्र ल्याउन सक्ने अवस्था बनाउनु पर्छ भन्ने कुरा राख्न चाहान्छु र यो प्रदेशस्तरिय खेलकुब जुन हाम्रो चाहिने प्रदेशमा त्यति सारो भैसकेको छैन यसमा बजेट छुट्यार प्रदेश स्तरिय खेलकुदलाई अगाडि बढायर यो प्रदेशलाई उजागर गर्नका लागि सवै मिलेर अगाडि बढौ खेल जगतलाई कसरि सक्षम बनाउन सकिन्छ त्यतातिर ध्यान दियर सरकारले ध्यान दियोस त्यसका लागि पर्याप्त बजेट छूट्यायर अगाडि बढोस भन्ने अनुरोध गर्दै बिदा हुन्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननिय सभामुख महोदय, प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अघिल्लो अधिवेशनमा समावेश भएको थियो समय नै सकिएपछि सम्बन्धित समितिमा सामाजिक बिकास मन्त्रिले दफावार छलफलका लागि पठाईयको थियो र कैयौ बैठक गरेर समितिले परिमार्जित गरेर ल्याउनुभयको छ यो विधेयक सारै महत्वपुर्ण विधेयक हो खेल भनेको यस्तो चिज हो मानिसको शरिर सँग र स्वास्थ्य सँग जोडियको विषय हो त्यसकारणले यो ज्यादै महत्वपुर्ण सभामुख महोदय सम्भव त आज नै यो विधेयक पारित हुदै छ पआथ भै सकेपछी ऐण बन्ने छ हाम्रो यो शुदुरपश्चिम प्रदेशको खेल जगत खेलका संरचनाहरु र खेलका खेलाडिका सम्मान गर्ने कुराहरु पुरस्कार दिने कुराहरुमा यो ऐन बनिसकेपछि हाम्रो सुदुरपश्चिम प्रदेशले यि सवै क्षेत्रलाई समेटेर ध्यान दिने छ जस्तो मलाई लाग्छ हाम्रो शुदुरपश्चिम प्रदेशमाखेलमा  ठुलो योगदान छ सुदुरपश्चिमका खेलाडिहरु राष्ट्रिय अन्तराष्ट्रिय जगतमा पहिचान बनायका खेलाडिहरु छन त्यसकारणले उहाहरुलाई हमिले अब यो ऐन बनिसकेपछि हामिले सम्मान गर्ने छौ मलाई लाग्छ हामिले सुरुवात आधारभुत तहबाट हामिले अहिले हाम्रो यो सुदुरपश्चिम प्रदेशको बिद्यालयहरुमा स्कुलमा खेल मैदान छैन धेरै स्कुलमा खेलामैदान छैन  प्रत्येक स्कुलमा हामिले यो खेल सम्बन्धि यउटा छुट्टै हामि शिक्षकको व्यवस्था गर्न सक्यो भने हामि त्यहा खेल र खेलाडिको भविष्य जोडिन्छ त्यसकारण हाम्रो प्रदेशसरकारले हरेक स्कुलमा खेल मैदानको लागि व्यवस्था गर्नुपर्छ ।

त्यो नै यउटा विशेस खेल सम्बन्धित शिक्षकको नै व्यवस्था गर्नुपर्छ जस्तो मलाई लाग्छ

सभामुख महोदय हाम्रो यो सुदुरपश्चिममा बिभिन्न जातजातिका मानिसहरु हामि बसेका छौ हिमाल पहाड तराई छ । र यहा धेरै यस्ता खेलहरु छन जो ओझेलमा छन त्यो खेललाई पनि हमिले पहिचानमा गर्नु पर्छ र त्यो खेल पहिचान गरेर प्रदेश स्तरमा हामि त्यो खेललाई त्यो खेलको महत्वलाई हामिले उजागर गर्नपर्छ जस्तो मलाई लाग्छ ।

सभामुख महोदय यो खेल  र खेल सस्कृतको बिकासमा अब हामिले महत्वपुर्ण ध्यान दिनु पर्छ जस्तो लाग्छ मलाई हाम्रो यो सुदुरपश्चिम प्रदेशमा राष्ट्रिय अन्तराष्ट्रिय जगतमा पदक जितेका खेलाडिहरुलाई अहिलेसम्म हामिले उचित सम्मान गर्न सकेका छैनौ प्रदेशमा पहिचा बनायका खेलाडालाई हामिले सम्मान गर्न सकेनौ रोजगारको ब्यवस्था गर्न सकेनौ ग्यारेन्टि गर्न सकेनौ भने फेरि खेलाडिहरुलाई यउटा निराश पन आउछ हामिसंसारमा हेर्छौं थूप्रै देशहां चाहि खेलाडिले खेलवाटै आफ्नो जिवन यकदम राम्रोसँग निर्वाह गरिरहेका हुन्छन तर हाम्रो देशमा त्यो अवस्था छैन त्यसकारणले अब हामि हाम्रो प्रदेशबाट नै यो कुराको सुरुवात गर्नुपर्छ र साथसाथै खेलाडिहरुको जो आफ्नो सम्पुर्ण जिवन व्यतित गर्नुहुन्छ उहाहरुको जिवन बिमाको लागि पनि हामिले ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ त्यसकारणले यो विधेयक चाडै पारित भयर ऐन बन्ने छ र हाम्रो सुदुरपश्चिम प्रदेशलाई खेल क्षेत्रमा खेलजगतमा यले अगाडि बढाउने छ यो विश्वासका साथ अन्तंआ मैले सुने अस्ति यो लम्किचुवा नगरपालिकामा क्वारेन्टाईनमा बसेका यक जना महिलालाई जुन किसिमको अमानविय व्यवहार भो त्यसको अलिकति राजनैतिक दवाब हुदै छ भन्ने कृरा सुनियको छ त्यो राक्षसि काम गर्ने ब्यक्तिहरुलाई कुनै पनि राजनैतिक दलसँग जोडेर उम्काउने काम गर्नुहुन्छ गलत गर्नेहरुलाई हामिलेकानुन अनुसार दण्ड सजाय गर्नुपर्छ भन्ने माग गर्न चाहान्छु र साथसाथै फेरि यो हामि किसानहरुले मेरो गाउतिर धेरैले चाहि रोपाई सकिसके सक्ने क्रममा पनि छन अहिलेसम्म कतिठाउमा यो रासायनिक मलहरु पाको छैन पाय पनि धेरै महँगो २०००/१८०० मा युरिया पाउने मल २२००/२००० सम्म बाध्य छन लिन त्यसकारण हाम्रो मन्त्रि जि पनि यहि हुनुहुन्छ कृषि मन्त्रि ज्यु जहा मलको व्यवस्था भयको छैन अपुग छ त्यहा चाडो भन्दा चाडो किसानहरुको यो रासायनिक मल मन्त्रालयलाई र प्रदेश सरकारले गरोस भन्दै आफ्नो मन्तव्य यहि राख्दछु धन्यावाद ।

**६.माननीय सदस्यहरू,**

**"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथि दफावार छलफल समाप्त भई सामाजिक बिकास समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**७.माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुतकर्ता सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदी लाई**"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश खेलकुद सम्बन्धमा यवस्था गर्न बनेको विधेयक २०७६ माथि सामाजिक बिकास समितिमा बृहतरुपमा छलफल भई सामाजिक बिकास समितिमा खेलकुद सँग सम्बन्धित सरोकारवाला सवै महानुभावहरुलाई बोलार धेरै लामो छलफल भओ त्यो छलफल को दौरानमा ३ वटा वैठकमा म पनि उपस्थित भयको थिय । त्यो बिधेयकको दफा दफामा केलायर असाध्यै महत्वपुर्ण छलफल भयको थियो आज त्यहि बिधेयक माथि सुझाव दिनुहुने माननीय

ज्युहरुलाई धेरै धेरै धन्यावाद दिन चाहान्छु केहि कुराहरु भयको भय अझै हुन्थ्यो भन्ने कुराहरु सुझावको रुपमा दिनु भाको छ ५ बर्षको अनुभव हामिले विधेयकमा लगेका थीयौ त्यलाई १० बर्षको भयको हुनुपर्छ अझै  परिपक्व भयको मान्छे त्यसको सदष्य सचिब हुदा अजै प्रभावकारि ढङ्गले खेलकुद परिचालन गर्न सक्छ त्यलाई सञ्चालन गर्न सक्छ त्यसको विश्वसनियता हुन्छ भन्ने जुन आयो यो असाध्यै महत्वपुर्ण सुझाब हो हामिले योग्यताको विषयमा हामिसँग खेलकुदको विषयमा समयमै लागेका १० बर्षको अनुभव त्यतातिर योग्यता पनि राखिदिदा योग्यताका विषमा हामिले छलफल गरेका थियो प्रमाणपत्र तह राख्ने कि स्नातक राख्ने कि स्नात्तोक्तर राख्ने कि त्यस विषयमा बृहत छलफल गर्दाखेरि तर समग्र खेलकुद क्षेत्रमा हेर्दा पहिलो प्राथमिकता अनुभवलाई दिउ अनुभव १० बर्ष सम्मको अनुभव भयो भने त्यस्तो भोलि सरकारले त्यसतो मानिस मनोनित गर्दा योग्यता पनि भाको १० बर्षको अनुभव पनि भाकोलाई गर्दा त राम्रो हुन्छ भन्ने कुरा आईसकेपछि हमिले योग्यतालाई भन्दापनि अनुभवलाई बढि महत्व दियर यो विधेयक सामाजिक समितिले ल्याको हो यहि नै मैले अनुरोध गरे हामिले खेलाडि कल्याण कोष खेलाडिहरुले आफ्नो जिविको पार्जन गर्नाको लागि खेलकुदबाट सन्यास लिईसकेपछि तिनिहरुको जिबिको पार्जन हुने ब्यवस्था गर्नको लागि पनि नियमावलिले त्यलाई सम्बोधन गर्ने गरि अगाडि बढायका छौ त्यसका साथसाथै यो विधेयक पारित भै सकेपछि यलाई बिधेयकहरु संसदले पारित गर्ने लागु नगर्ने भन्ने जुन आयको छ त्यसतो हुन नदिनाको लागि पनि हामिले बजेटको व्यवस्था पनि गरिसकेका छौ यो विधेयक पारित हुनासाथ हाम्रो  आगामि आर्थिक बर्षबाट यो विधेयक कार्यान्वयनमा जाने छ भन्ने कुराहरु पनि म अनुरोध गर्न चाहान्छु सुदुरपश्चिमबाट खेलकुद क्षेत्रमा स्वर्ण पदक ल्याउने काष्य पदक ल्याउने र रजत पदक ल्याउने जुन साग खेल कुदमा जुन हाम्रो सुदुरपश्चिमका ६९ खेलाडि थिय उहाहरुलाई हामिले सम्मान गर्न चैत्र २५ गते यउटा कार्यक्रम राख्या थियौ लकडाउनका कारणले हुन सकेन त्यस्तोलाई पुरस्कार दिनुपर्यो अब हामि उहाहरुको बैंक खातामा नै स्वर्ण पदक जित्नेलाई २ लाख रजत लाई डेढ लाख र काष्यलाई १ लाख हामिले उहाहरुको खातामानै पठाउने निर्णय प्रदेश सरकारले गरिसकेको छ त्यसैले सुदुरपश्चिम बाट खेलकुदको क्षेत्रमा जाने सवै खेला डिलाई हामिले सम्मान गर्छु र उहाको उच्च मनोबल बढाउछु उहाको योगदानको कदर गर्छु र यो प्रदेश सरकारले लियको खेलकुद तर्फको निति नै हो त्यसैले खेलकुद क्षेत्रलाई हामि अगाडि बढाउनका लागि प्रदेश सरकार क्रियाशिल भयर लाग्या छ र सामाजिक बिकास मन्त्रालयले खेलकुद क्षेत्रमा स्वस्थ युवा प्रदेशको खम्बा भन्ने नाराका साथ खेलकुदलाई अगाडि बढायको छ सवै समग्र माननीय ज्यु हरुले दियको अमुल्य सुझावलाई अझै नियमावलिमा समेटेर हामिले अगाडि बढाउने प्रतिबद्धताका साथ बिदा हुन्छु धन्यावाद

**८.माननीय सदस्यहरू,**

अब,म **"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक बिकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा

क्रमसंख्या १ (एक) देखि १७ (सत्र)सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”**माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक बिकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १७ (सत्र)सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

**९.माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ३३ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरूतथा सम्बन्धीत उपदफाहरू**“प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”**को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ३३ सम्मका दफाहरू,आनुसाङ्गिक अन्य दफाहरू,तथाउपदफाहरूसर्वसम्मतीले**“प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”**को अंङ्ग बनेको घोषणा गर्दछु ।

**१०.माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना:**प्रदेशमा खेलकूद, खेल संस्कृतिको बिकास,खेलकूद पूर्वाधार निर्माण,खेलाडीको व्यावसायिक सुरक्षा, प्रदेश,राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने प्रतियोगितामा सहभागिता तथा खेलकूद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले,
प्रदेश सभाले यो ऐन बनाएको छ

**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम**प्रदेश खेलकूदऐन २०७६”** रहेको छ ।
(२) यो ऐनतुरुन्त प्रारम्भ हुनेछ ।

**११.माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।
**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।
**(हुन्न भनेपछि)**
"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**को अङ्ग बनेको घोषणा गर्दछु ।

**१२.माननीय सदस्यहरू,**
अब म, विधेयक प्रस्तुतकर्ता सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदी लाई **"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।
माननीय सभामुख महोदय प्रदेश खेलकुद सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०७६ लाई सुदुरपश्चिम प्रदेश सभा नियमावलि २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनि प्रस्ताव पेश गर्दछु

**१३.माननीय सदस्यहरू,**
अब, म सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।
**(हुन्छ भनेपछि)**
प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।
**(हुन्न भनेपछि)**
"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।
**१४.माननीय सदस्यहरू,**
**"प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथिको कार्बाही यँही समाप्त हुन्छ ।

**१५.माननीय सदस्यहरु,**
आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७७ साल आषाढ७गते आईतबार बिहान ८.०० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।